## आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको

# अर्द्ध-वार्षिक समीक्षा

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
वालुवाटार, काठमाडौं

# विषय-सूची


पृष्ठभूमि ........ १

आर्थिक लक्ष्यहरूको स्थिति तथा परिदृश्य ........ २

वित्तीय क्षेत्र स्थिति ........ ३

मौद्रिक लक्ष्यहरूको स्थिति ........ ४

  तरलता व्यवस्थापन ........ ४

  ब्याजदर ........ ५

कर्जा तथा वित्तीय क्षेत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन स्थिति ........ ५

लघुवित्त ........ ७

भुक्तानी प्रणाली ........ ७

विदेशी विनिमय व्यवस्थापन ........ ८

अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य ........ ८

आर्थिक तथा मौद्रिक परिदृश्य ........ ९

मौद्रिक नीतिको कार्यदिशा ........ १०

मौद्रिक तथा वित्तीय उपायहरू ........ १०

# आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको अर्द्ध-वार्षिक समीक्षा

## पृष्ठभूमि

१. आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीति २०७७ साउन २ गते सार्वजनिक गरिएको थियो । कोभिड-१९ महामारीद्वारा सिर्जित स्वास्थ्य संकट एवम् आर्थिक असहजताका बीच सार्वजनिक मौद्रिक नीतिले समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै आर्थिक पुनरुत्थानमा महत्वपूर्ण सहयोग पुऱ्याउने उद्देश्य राखेको थियो । वार्षिक मौद्रिक नीतिले तय गरेका आर्थिक एवम् मौद्रिक लक्ष्यलाई कायम राख्दै २०७७ मंसिर १८ गते प्रथम त्रैमासिक समीक्षा गरिएको थियो ।

२. चालु आर्थिक वर्षको ६ महिनामा समष्टिगत आर्थिक एवम् वित्तीय परिसूचकहरू सकारात्मक रहेका छन् । मुद्रास्फीति नियन्त्रित रहेको छ भने शोधनान्तर बचतमा रहेको छ । विदेशी विनिमय सञ्चिति सुविधाजनक अवस्थामा रहेको छ । बैक तथा वित्तीय संस्थाहरूको आधारदर घटेसँगै कर्जाको ब्याजदरमा कमी आएको छ । पुनरकर्जा तथा सहुलियतपूर्ण कर्जाको उपयोग वढ्दै गइरहेको छ । वित्तीय पहुँच विस्तार हुनुका साथै विद्युतीय वित्तीय कारोवार वढ्दै गएको छ । शेयर बजार कारोबार र सूचकांङ्क दुवैमा विस्तार आएको छ ।

३. कोभिड-१९ संक्रमण दर घटेसँगै आर्थिक क्रियाकलापमा विस्तार आउन थालेको छ । अर्थतन्त्र विस्तारसँगै आयात बढ्न सक्ने भएका कारण तरलता तथा वाह्य क्षेत्र व्यवस्थापनमा दवाव पर्ने सम्भावना छ । वित्तीय साधनलाई उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासका क्षेत्रमा प्रोत्साहित गर्नु पर्ने आवश्यकता छ ।

४. विश्व अर्थतन्त्रमा कोभिड-१९ को प्रभाव न्यून हुदै गएको छ । छिमेकी मुलुक चीन तथा भारतको अर्थतन्त्रमा कोभिडको प्रभाव पूर्वानुमान भन्दा कम हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको पछिल्लो प्रक्षेपण छ । मुद्रास्फीति अघिल्लो वर्षको तुलनामा सन् २०२१ मा केही बढ्ने प्रक्षेपण रहेको छ ।

५. चालु आर्थिक वर्षको ६ महिनासम्मको आर्थिक तथा वित्तीय स्थिति, मौद्रिक नीतिमा उल्लिखित नीति तथा कार्यक्रमहरूको कार्यान्वयन अवस्था, नेपाल सरकारको चालु आर्थिक वर्षको बजेटको अर्द्ध-वार्षिक समीक्षा तथा कोभिड–१९ महामारीका कारण विकसित राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय आर्थिक परिदृश्यलाई ध्यानमा राखी मौद्रिक नीतिको यो समीक्षा प्रतिवेदन सार्वजनिक गरिएको छ ।

## आर्थिक लक्ष्यहरूको स्थिति तथा परिदृश्य

६. कोभिड-१९ को प्रकोप नियन्त्रण तथा रोकथाम गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा अवलम्बन गरिएका बन्दाबन्दी लगायतका कदमहरूबाट प्रभावित अर्थतन्त्र क्रमशः सुधार हुँदै गएको छ ।

७. कोभिड-१९ ले अर्थतन्त्रमा पारेको असर सम्बन्धी यस बैंकले गरेको सर्वेक्षण अनुसार २०७७ असारको तुलनामा २०७७ मंसिरमा अर्थतन्त्रमा उल्लेख्य सुधार देखिएको छ (तालिका १)। २०७७ असारमा गरिएको सर्वेक्षणले ४.१ प्रतिशत उद्योग/व्यवसाय मात्र पूर्ण सञ्चालनमा रहेको देखाएकोमा २०७७ मंसिरमा गरिएको पुनरावृत्ति सर्वेक्षणले ५४ प्रतिशत उद्योग/व्यवसाय पूर्णरूपमा सञ्चालनमा रहेको देखाएको छ । होटल तथा रेष्टुरेन्ट र शिक्षा क्षेत्रका क्रियाकलाप भने वढी प्रभावित देखिएका छन् ।

**तालिका १: कोभिड-१९ ले उद्योग/व्यवसायमा पारेको प्रभाव**

| विवरण | २०७७ असार (प्रतिशत) | २०७७ मंसिर (प्रतिशत) |
|---|---|---|
| सञ्चालन हुन नसकेका उद्योग/व्यवसाय | ६१.०३ | ९.१ |
| पूर्ण रूपमा सञ्चालन भएका उद्योग/व्यवसाय | ४.१ | ५४ |
| आंशिक सञ्चालन भएका उद्योग/व्यवसाय | ३४.९२ | ३६.९८ |
| उत्पादन/कारोबार स्थिति (कोभिडपूर्वको तुलनामा) | २८.७७ | ५०.५१ |
| रोजगारी अवस्था (कोभिडपूर्वको तुलनामा) | ७७.५ | ८७.५१ |

*स्रोत: पुनरावृत्ति (Follow-Up) सर्वेक्षण २०७७ मंसिर, नेपाल राष्ट्र बैंक*

८. आर्थिक वर्ष २०७७/७८ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ७ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य रहेकोमा ६ महिनाको औसत उपभोक्ता मुद्रास्फीति ३.७२ प्रतिशत रहेको छ । वार्षिक विन्दुगत आधारमा २०७७ पुसमा उपभोक्ता मुद्रास्फीति ३.५६ प्रतिशत रहेको छ (तालिका २) ।

९. समीक्षा अवधिमा दाल तथा गेडागेडी, घिउ तथा खाने तेल, मासु तथा माछा लगायतका खाद्य वस्तुहरूको मुद्रास्फीति उच्च रहेतापनि गैरखाद्य वस्तु तथा सेवा अन्तर्गतका घरभाडा, शिक्षा तथा लत्ताकपडा लगायतका वस्तु तथा सेवाको मूल्य वृद्धि कम रहेका कारण समग्र मुद्रास्फीतिमा कमी आएको छ ।

**तालिका २: मुद्रास्फीति**

| विवरण | ६ महिनाको औसत | | वार्षिक बिन्दुगत | |
|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७६ पुस | २०७७ पुस |
| **समग्र** | ६.४१ | ३.७२ | ६.८२ | ३.५६ |
| खाद्य | ८.२५ | ५.५० | १०.२१ | ४.२७ |
| गैर-खाद्य | ५.५० | २.३५ | ४.२५ | २.९९ |

१०. समीक्षा अवधिमा निर्यात ६.१ प्रतिशतले वृद्धि भई रु. ६० अर्ब ८० करोड र आयात ४.८ प्रतिशतले घट्न गई रु. ६६१ अर्ब २५ करोड भएको छ । फलस्वरूप, व्यापार घाटामा ५.८ प्रतिशतले सुधार आएको छ । यस अवधिमा चालु खाता रु. ४९ अर्ब ५३ करोडले घाटामा रहेको छ ।

११. समीक्षा अवधिमा शोधनान्तर रु.१२४ अर्ब ९२ करोडले बचतमा रहेको छ । आर्थिक वर्ष २०७७/७८ मा कम्तिमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा २०७७ पुस मसान्तमा १२.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने विदेशी विनिमय सञ्चिति रहेको छ ।

१२. २०७७ असार मसान्तको तुलनामा २०७७ पुस मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग २.९५ प्रतिशतले अधिमूल्यन भई प्रति अमेरिकी डलर खरिद विनिमय दर रु. ११६.९२ कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.२९ प्रतिशतले अवमूल्यन भएको थियो ।

१३. नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०७७/७८ को ६ महिनामा संघीय सरकारको कुल खर्च रु. ४१५ अर्ब ७५ करोड र राजस्व संकलन रु. ४२२ अर्ब २४ करोड रहेको छ ।

## वित्तीय क्षेत्र स्थिति

१४. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप रु. ३५२ अर्ब २१ करोडले तथा निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा रु.३६६ अर्ब ३३ करोडले विस्तार भएको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप रु. १९९ अर्ब ९१ करोडले तथा कर्जा रु.२४७ अर्ब ३६ करोडले विस्तार भएको थियो ।

१५. बैंक तथा वित्तीय संस्था (लघुवित्त वित्तीय संस्था समेत) को चुक्ता पुँजी २०७७ असार मसान्तमा रु. ३५२ अर्ब ३७ करोड रहेकोमा २०७७ पुसमा रु. ३८० अर्ब २४ करोड पुगेको छ । त्यसै गरी, यस अवधिमा पुँजीकोष रु. ५२१ अर्ब ७० करोडबाट वृद्धि भई रु. ५८७ अर्ब ९३ करोड पुगेको छ ।

१६. २०७७ पुसमा वाणिज्य बैंकहरूको पुँजी कोष पर्याप्तता अनुपात १३.७५ प्रतिशत, विकास बैंकहरूको १३.५१ प्रतिशत र वित्त कम्पनीहरूको १९.८१ प्रतिशत रहेको छ । २०७७ असारमा यी अनुपातहरू क्रमशः १४.०१ प्रतिशत, १४.४२ प्रतिशत र १९.५९ प्रतिशत रहेका थिए ।

१७. बैंक तथा वित्तीय संस्थाका शाखा विस्तारसँगै वित्तीय पहुँच बढेको छ । बैंक तथा वित्तीय संस्थाको शाखा संख्या २०७७ असार मसान्तमा ९,७६५ रहेकोमा २०७७ पुस मसान्तमा १०,१८७ पुगेको छ । उक्त अवधिमा प्रति बैंक शाखा जनसंख्या ३,०७२ बाट घटेर २,९४५ कायम भएको छ ।

१८. २०७७ पुससम्म ७४९ स्थानीय तहमा वाणिज्य बैंकहरूको कम्तिमा एक शाखा पुगेको छ । २०७६ पुसमा ७४५ स्थानीय तहमा वाणिज्य बैंकहरूको शाखा विस्तार भएका थिए ।

१९. २०७७ असार मसान्तमा १३६२.४ रहेको नेप्से सूचकाङ्क २०७७ फागुन २ गते २४९३.५९ पुगेको छ । त्यसैगरी, २०७७ असार मसान्तमा बजार पुँजीकरण रु. १७९२ अर्ब ७६ करोड रहेकोमा २०७७ पुस मसान्तमा रु. ३०७९ अर्ब ९४ करोड पुगेको छ ।

## मौद्रिक लक्ष्यहरूको स्थिति

२०. आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिमा विस्तृत मुद्रा प्रदायको वार्षिक वृद्धिदर १८ प्रतिशत कायम गर्ने लक्ष्य राखिएकोमा वार्षिक विन्दुगत आधारमा २०७७ पुस मसान्तमा यस्तो वृद्धिदर २३ प्रतिशत रहेको छ।

२१. आर्थिक वर्ष २०७७/७८ मा निजी क्षेत्रमाथिको दाबी २० प्रतिशतले बढ्ने प्रक्षेपण रहेकोमा वार्षिक विन्दुगत आधारमा २०७७ पुस मसान्तमा यस्तो वृद्धिदर १५ प्रतिशत रहेको छ।

**तालिका ३: मौद्रिक लक्ष्यहरूको स्थिति**

(प्रतिशत)

| वृद्धिदर | वार्षिक बिन्दुगत | |
|---|---|---|
| | आ.व. २०७७/७८ (प्रक्षेपित) | २०७७ पुस मसान्त (यथार्थ) |
| विस्तृत मुद्राप्रदाय | १८.० | २३.० |
| निजी क्षेत्रमाथिको दावी | २०.० | १५.० |

## तरलता व्यवस्थापन

### तरलता प्रवाह तथा प्रशोचन

२२. समीक्षा अवधिमा बैंकिङ्ग प्रणालीमा पर्याप्त तरलता रहेको छ। यस अवधिमा रिभर्स रिपोमार्फत् रु. ८९ अर्ब ५४ करोड र निक्षेप संकलनमार्फत् रु. १५१ अर्ब ८० करोड गरी कुल रु. २४१ अर्ब ३४ करोड तरलता प्रशोचन गरिएको छ।

२३. आर्थिक वर्ष २०७६/७७ को पहिलो ६ महिनामा रिपोमार्फत् रु. ३९ अर्ब ५२ करोड र स्थायी तरलता सुविधामार्फत् रु. ५२ अर्ब ५५ करोड गरी कुल रु. ९२ अर्ब ७ करोड तरलता प्रवाह गरिएको थियो। यसैगरी सो अवधिमा रिभर्स रिपोमार्फत रु. २८ अर्ब र निक्षेप संकलन उपकरणमार्फत रु. ३० अर्ब गरी कुल रु. ५८ अर्ब तरलता प्रशोचन गरिएको थियो (तालिका ४)।

२४. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब १२ करोड खुद खरिद गरी रु. २५१ अर्ब २ करोड तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब ७० करोड खुद खरिद गरी रु.१९३ अर्ब ४० करोड तरलता प्रवाह गरिएको थियो।

**तालिका ४:तरलता प्रवाह तथा प्रशोचन**

*रु. अर्बमा*

| विवरण | छ महिना | |
|---|---|---|
| | २०७६/७७ | २०७७/७८ |
| **(क) तरलता प्रवाह** | ९२.०७ | - |
| रिपो | ३८.५५ | - |
| सोझै खरिद | - | - |
| रिपो बोलकबोल* | ०.९७ | - |
| स्थायी तरलता सुविधा | ५२.५५ | - |
| **(ख) तरलता प्रशोचन** | ५८.०० | २४१.३४ |
| रिभर्स रिपो | २८.०० | ८९.५४ |
| सोझै बिक्री बोलकबोल | - | - |
| निक्षेप संकलन बोलकबोल | ३०.०० | १५१.८० |
| निक्षेप संकलन बोलकबोल* | - | - |
| **(ग) खुद प्रवाह (क-ख)** | ३४.०७ | (२४१.३४) |

* ब्याजदर करिडोर अन्तर्गत भएको कारोवार।

### भारतीय मुद्रा खरिद

२५. समीक्षा अवधिमा अमेरिकी डलर २ अर्ब ४ करोड बिक्री गरी रु.२४१ अर्ब ३१ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २ अर्ब २ करोड बिक्री गरी रु.२२९ अर्ब ५५ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो ।

### अन्तर-बैंक कारोबार

२६. आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा वाणिज्य बैंकहरूले रु. १८९ अर्ब १८ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकबीच बाहेक) ले रु. १०१ अर्ब ६० करोड गरी कुल रु.२९० अर्ब ७८ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरूले रु.९२६ अर्ब ५३ करोड र अन्य वित्तीय संस्थाहरूले रु.९१ अर्ब ४२ करोड गरी कुल रु.१,०१७ अर्ब ९५ करोड अन्तर-बैंक कारोबार भएको थियो ।

### ब्याजदर

२७. २०७६ पुसमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ३.१७ प्रतिशत रहेकोमा २०७७ पुसमा ०.८७ प्रतिशत कायम भएको छ । वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७६ पुसको १.७६ प्रतिशतको तुलनामा २०७७ पुसमा ०.१४ प्रतिशत कायम भएको छ (तालिका ५)। मौद्रिक नीतिको संचालन लक्ष्यको रूपमा लिइने बैंक तथा वित्तीय संस्थाहरूको औसत अन्तर-बैंक दर २०७७ पुसमा ०.१८ प्रतिशत कायम भएको छ ।

**तालिका ५ : भारित औसत ब्याजदर** ***(प्रतिशतमा)***

| विवरण | असार | | पुस | |
|---|---|---|---|---|
| | २०७६ | २०७७ | २०७६ | २०७७ |
| ९१-दिने ट्रेजरी विल | ४.९७ | १.२७ | ३.१७ | ०.८७ |
| अन्तर-बैंक दर | ४.५२* | ०.३५* | १.७६* | ०.१८ |
| कर्जाको भारित औसत ब्याजदर | १२.१३ | १०.११ | ११.९४ | ९.०९ |
| निक्षेपको भारित औसत ब्याजदर | ६.६० | ६.०१ | ६.७९ | ५.० |
| आधार दर | ९.५७ | ८.५० | ९.४३ | ७.१८ |

* वाणिज्य बैंकहरूको मात्र

२८. २०७७ पुसमा वाणिज्य बैंकहरूको औसत आधार दर ७.१८ प्रतिशत, निक्षेपको भारित औसत ब्याजदर ५.० प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ९.०९ प्रतिशत रहेको छ ।

## कर्जा तथा वित्तीय क्षेत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन स्थिति

### कृषि तथा उर्जा

२९. वाणिज्य बैंकले कुल कर्जा लगानीको २०७८ असार मसान्तसम्म न्यूनतम ११ प्रतिशत, २०७९ असार मसान्तसम्म १३ प्रतिशत र २०८० असार मसान्तसम्म १५ प्रतिशत कृषि क्षेत्रमा कर्जा

प्रवाह गर्नुपर्ने व्यवस्था गरिएकोमा २०७७ पुस मसान्तमा उक्त क्षेत्रमा ११.०२ प्रतिशत कर्जा प्रवाह भएको छ।

३०. वाणिज्य बैंकहरूले कुल कर्जा लगानीको २०७८ असार मसान्तसम्म न्यूनतम ६ प्रतिशत, २०७९ असार मसान्तसम्म ७ प्रतिशत, २०८० असार मसान्तसम्म ९ प्रतिशत र २०८१ असार मसान्तसम्म १० प्रतिशत ऊर्जा क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएकोमा २०७७ पुस मसान्तमा उक्त क्षेत्रमा ५.७२ प्रतिशत कर्जा प्रवाह भएको छ।

## सहुलियतपूर्ण कर्जा

३१. उद्यमशीलताको विकास, उत्पादन अभिवृद्धि र रोजगारी सिर्जना गर्ने उद्देश्यले चालु आर्थिक वर्षमा परिमार्जन सहित कार्यान्वयनमा ल्याइएको सहुलियतपूर्ण कर्जा कार्यक्रमबाट २०७७ पुस मसान्तसम्ममा ६० हजार ८ सय ७९ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भएको छ। २०७७ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूको रु.१०० अर्ब ३७ करोड यस्तो कर्जा लगानीमा रहेको छ। यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत ३३ हजार ८ सय १७ ऋणीलाई प्रवाह भएको रु.७६ अर्ब ५९ करोड कर्जा रहेको छ भने सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत २७ हजार ६२ ऋणीको रु.२३ अर्ब ७७ करोड कर्जा बक्यौता रहेको छ।

## पुनरकर्जा

३२. कोभिड-१९ ले प्रभावित पेशा, उद्योग र व्यवसायलाई संरक्षण गर्नुको साथै कृषि र साना तथा मझौला र घरेलु व्यवसायलाई सहुलियत दिने उद्देश्यले पुनरसंरचना गरिएको पुनरकर्जाको नयाँ व्यवस्थाबाट २०७७ माघ मसान्तमा रु.८७ अर्ब ८७ करोड पुनरकर्जा स्वीकृति भएको छ।

## कोभिड-१९ बाट अति प्रभावित पेशा/व्यवसाय सञ्चालन कर्जा

३३. नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत "व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७" मा भएको व्यवस्था बमोजिम कोरोना प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि बैंक तथा वित्तीय संस्थाहरूबाट ५ प्रतिशत ब्याज दरमा कर्जा उपलब्ध गराउने व्यवस्था गरिएको छ। २०७७ पुसदेखि यस प्रकारको कर्जा प्रवाह हुन थालेको छ।

## वित्तीय सुदृढीकरण तथा स्रोत व्यवस्थापन

३४. वित्तीय क्षेत्र तथा समग्र अर्थतन्त्रका विभिन्न चरहरूमा आउन सक्ने उतारचढावबाट बैंकिङ्ग क्षेत्रमा पर्नसक्ने प्रभाव आँकलनलाई थप यथार्थपरक बनाउन बैंक तथा वित्तीय संस्थाहरूको 'दबाब परिक्षण (Stress Testing) मार्गदर्शन' परिमार्जन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

३५. चालु आर्थिक वर्ष २०७७/७८ देखि राष्ट्रिय स्तरका विकास बैंकहरूमा समानान्तर रूपमा वासल-३ को व्यवस्था लागू गरिएको छ ।

३६. व्यक्तिगत आवधिक कर्जाको ब्याजदर कर्जा अवधिभर परिवर्तन नहुने गरी प्रवाहित कर्जामा ऋणीसँगको लिखित सहमतिमा पहिलो पटक ७ वर्षमा र त्यसपछि प्रत्येक ५ वर्षमा ब्याजदर पुनरावलोकन गर्न सकिने व्यवस्था गरिएको छ ।

३७. कोभिड-१९ बाट प्रभावित ऋणीको ६ महिना भन्दा बढीको ब्याज बक्यौता नरहेको अवस्थामा धितो लिलामी तथा कालो सूचीमा समावेश गर्ने प्रक्रिया २०७८ असार मसान्तसम्मका लागि स्थगन गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा आएको छ ।

३८. बैंक तथा वित्तीय संस्थाबाट प्रयोजन नखुलेका व्यक्तिगत अधिविकर्ष कर्जा अधिकतम प्रति व्यक्ति रु. ५० लाखसम्म मात्र प्रवाह गर्नसक्ने व्यवस्था गरिएको छ । साथै, कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा समग्रमा उक्त सीमा ननाघेको यकिन गरेर मात्र कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा आएको छ ।

३९. सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा आधारित कारोबारको जोखिम मापन तथा विश्लेषण प्रभावकारी बनाउन यस बैंकको वित्तीय जानकारी इकाईमा सम्पत्ति शुद्धीकरण अनुगमन इकाई (Monitoring Unit) स्थापना गरिएको छ । साथै, बैंक तथा वित्तीय संस्थाको Money Laundering Vulnerability Assessment Tool समेत समावेश गरिएको AML/CFT सुपरिवेक्षण म्यानुअल कार्यान्वयनमा ल्याइएको छ ।

## लघुवित्त

४०. इजाजतपत्र प्राप्त 'क', 'ख', 'ग' र थोक कर्जा प्रवाह गर्ने 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरूले विपन्न वर्ग कर्जाको रूपमा लघुवित्त वित्तीय संस्थाहरूलाई प्रवाह गर्ने कर्जामा ०.५ प्रतिशत भन्दा बढी सेवा शुल्क लिन नपाइने व्यवस्था कार्यान्वयनमा आएको छ ।

४१. लघुवित्त वित्तीय संस्थाहरूले ग्राहकसँग लिने ब्याजदर अधिकतम १५ प्रतिशत कायम गर्नु पर्ने व्यवस्था कार्यान्वयनमा आएको छ ।

## भुक्तानी प्रणाली

४२. भुक्तानी प्रणाली सुदृढीकरण गर्न र सबै प्रकारका विद्युतीय कारोवारको अभिलेख कायम गर्न नेपाल क्लियरिङ हाउस लिमिटेडलाई राष्ट्रिय भुक्तानी स्वीचको स्थापना गर्न सैद्धान्तिक स्वीकृति प्रदान गरिएको छ ।

४३. बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक र भुक्तानी प्रणाली संचालकहरूले विद्युतीय भुक्तानी सेवा प्रदान गरेवापत ग्राहकहरूबाट लिने सेवा शुल्क सम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिएको छ ।

४४. विद्युतीय भुक्तानीमा Quick Response (QR) Code मार्फत हुने भुक्तानीलाई व्यवस्थित गर्न यस सम्बन्धी मापदण्डको मस्यौदा तर्जुमा गरी सरोकारवालाको राय-सुझावको लागि सार्वजनिक गरिएको छ ।

## विदेशी विनिमय व्यवस्थापन

४५. कोभिड-१९ को कारण व्यवसाय प्रभावित भई परिवर्त्य विदेशी मुद्रामा लिएको ऋणको किस्ता विदेशी मुद्रामा भुक्तानी गर्न कठिनाई भएको अवस्थामा सम्बन्धित फर्म/कम्पनी/उद्योगले नेपाली रुपैयाँमा भुक्तानी गर्न सक्ने व्यवस्था कार्यान्वयनमा आएको छ ।

४६. आयात व्यापारमा आवश्यक पर्ने बीमा र ढुवानी सम्बन्धी सेवाहरू नेपाली सेवा प्रदायकबाट लिनुपर्ने व्यवस्थाको थालनी गरिएको छ ।

४७. नेपाली कम्पनी/उद्योगका विदेशी लगानीकर्ता (Parent Company/Group of Companies)बाट नेपालमा पुँजी/शेयरमा गरेको लगानीको ६० प्रतिशतसम्म ऋण लिन पाउने व्यवस्था गरिएको छ ।

४८. तेस्रो मुलुकबाट ड्राफ्ट/टिटीको माध्यमबाट वस्तु आयात गर्दा एक पटकमा बढीमा ३५ हजार अमेरिकी डलर बराबरसम्मको विदेशी मुद्राको सटही सुविधा दिने व्यवस्था कायम गरिएको छ ।

४९. प्रतीतपत्रमार्फत परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गरी भारतबाट आयात गर्ने वस्तुको सूचीमा तार र धातु समूहका ३ वस्तु थप गरी कुल १६७ पुऱ्याइएको छ ।

५०. बैंक तथा वित्तीय संस्था एवम् विप्रेषण सेवा प्रदायक कम्पनीले विद्युतीय माध्यमबाट नेपालमा विप्रेषण भित्र्याउन सक्ने र नेपालमा भुक्तानी सेवा प्रदायक संस्थाबाट विद्युतीय भुक्तानी उपकरणहरू (मोवाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, इलेक्ट्रोनिक कार्ड, वालेट आदि) मार्फत स्वदेशी मुद्रामा भुक्तानी प्रदान गर्न सक्ने व्यवस्था कार्यान्वयनमा आएको छ ।

५१. विदेशी लगानी स्वचालित तवरमार्फत भित्र्याउने सम्बन्धमा नियमनकारी निकायबाट विदेशी लगानीको स्वीकृति भइसकेपछि यस बैकबाट विदेशी मुद्रा भित्र्याउने स्वीकृति लिनु नपर्ने व्यवस्था मिलाउने सम्वन्धमा आवश्यक विनियमावली तयार गरी सरोकारवालाको राय-सुझावको लागि सार्वजनिक गरिएको छ ।

## अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य

५२. पछिल्लो समय कोभिड विरुद्धको खोप र अनुसन्धानको प्रयोगमा भएको प्रगति तथा आर्थिक सुधारका नीतिगत पहल कदमीले विश्व अर्थतन्त्रमा सुधारको संकेत देखिएको छ ।

५३. सन् २०१९ मा २.८ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र सन् २०२० मा ३.५ प्रतिशतले संकुचन भएको अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान छ । सन् २०२१ मा भने विश्व अर्थतन्त्र ५.५ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ ।

५४. सन् २०१९ मा १.६ प्रतिशतले वृद्धि भएको विकसित मुलुकहरूको अर्थतन्त्र सन् २०२० मा ४.९ प्रतिशतले संकुचन भएको अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान छ । यसैगरी, उदीयमान तथा विकासशील अर्थतन्त्र सन् २०१९ मा ३.६ प्रतिशतले वृद्धि भएकोमा सन् २०२० मा २.४ प्रतिशतले संकुचन हुने अनुमान छ । सन् २०२१ मा विकसित मुलुकहरूको अर्थतन्त्र ४.३ प्रतिशतले र उदीयमान तथा विकासशील मुलुकहरूको अर्थतन्त्र ६.३ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण छ ।

**तालिका ६: विश्व अर्थतन्त्रको वृद्धिदर**

| अर्थतन्त्र | २०१९ | २०२० | २०२१ |
|---|---|---|---|
| विकसित मुलुकहरू | १.६ | -४.९ | ४.३ |
| युरो क्षेत्र | १.३ | -७.२ | ४.२ |
| उदीयमान तथा विकासशील एशिया | ५.४ | -१.१ | ८.३ |
| उदीयमान तथा विकासशील युरोप | २.२ | -२.८ | ४.० |
| लेटिन अमेरिका तथा क्यारेबियन | ०.२ | -७.४ | ४.१ |
| मध्य पूर्व तथा मध्य एशिया | १.४ | -३.२ | ३.० |
| सब-सहारन अफ्रिका | ३.२ | -२.६ | ३.२ |
| न्यून आय भएका विकासशील मुलुकहरू | ५.३ | -०.८ | ५.१ |
| **विश्व अर्थतन्त्र** | २.८ | -३.५ | ५.५ |

स्रोत : अन्तर्राष्ट्रिय मुद्रा कोष, जनवरी २०२१

५५. छिमेकी मुलुक चीनको अर्थतन्त्र सन् २०१९ मा ६.० प्रतिशतले विस्तार भएकोमा सन् २०२० मा २.३ प्रतिशतले वृद्धि भएको अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान छ । भारतको अर्थतन्त्र सन् २०१९ मा ४.२ प्रतिशतले विस्तार भएकोमा सन् २०२० मा ८.० प्रतिशतले संकुचनमा रहेको कोषको अनुमान छ । सन् २०२१ मा चीनको आर्थिक वृद्धिदर ८.१ प्रतिशत तथा भारतको आर्थिक वृद्धिदर ११.५ प्रतिशतले बढ्ने प्रक्षेपण छ ।

५६. विकसित मुलुकहरूको मुद्रास्फीति सन् २०१९ मा १.४ प्रतिशत तथा सन् २०२० मा ०.७ प्रतिशत रहेकोमा सन् २०२१ मा १.३ प्रतिशत रहने कोषको प्रक्षेपण छ । उदीयमान तथा विकासशील मुलुकहरूको मुद्रास्फीति सन् २०१९ मा ५.१ प्रतिशत तथा सन् २०२० मा ५ प्रतिशत रहेकोमा सन् २०२१ मा ४.२ प्रतिशत रहने प्रक्षेपण छ ।

५७. कोभिड-१९ का कारण सन् २०२० मा विश्व व्यापार आयतन ९.६ प्रतिशतले संकुचन आएकोमा सन् २०२१ मा ८.१ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ ।

## आर्थिक तथा मौद्रिक परिदृश्य

५८. आर्थिक वर्ष २०७६/७७ मा कोभिड संक्रमणका कारण अर्थतन्त्र शिथिल रहन पुग्यो । कोभिड-१९ संक्रमण दर घट्दै गएको तथा आर्थिक गतिविधि विस्तार हुन थालेकाले चालु आर्थिक वर्षमा ट्रेन्ड आर्थिक वृद्धि हासिल हुने अनुमान छ । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको

मूल्य वढ्दो क्रममा रहेको तथा आन्तरिक आर्थिक गतिविधि बढेसँगै समष्टिगत माग विस्तार हुने समेतका कारण मुद्रास्फीतिमा दवाब सिर्जना हुने भएतापनि चालु आर्थिक वर्ष तोकिएको सीमाभित्रै उपभोक्ता मुद्रास्फीति रहने अनुमान छ ।

५९. पछिल्ला महिनाहरूमा वढ्दै गएको आयातले वाह्य क्षेत्र व्यवस्थापनमा दवाव सिर्जना हुने भएतापनि विश्व अर्थतन्त्रमा देखिएको सुधारका कारण विप्रेषण आप्रवाहको सकारात्मक वृद्धिदर कायमै रहने अनुमान छ । विश्व अर्थतन्त्र पुनरुत्थान हुने क्रमसँगै पेट्रोलियम पदार्थको माग वढ्न गई श्रम गन्तव्य मुलुकहरूमा विस्तार हुने आर्थिक गतिविधिको सकारात्मक प्रभाव समेत विप्रेषण आप्रवाहमा पर्ने देखिन्छ ।

## मौद्रिक नीतिको कार्यदिशा

६०. कोभिड-१९ को संक्रमण र प्रभाव कम हुँदै गएकोले आर्थिक क्रियाकलाप क्रमशः सामान्यीकरण हुन थालेका छन् । आर्थिक क्रियाकलाप विस्तारसँगै कर्जा तथा आयात वढ्दै गएका कारण मूल्य तथा वाह्य क्षेत्र स्थायित्वमा पर्ने दवावलाई समेत मध्यनजर गर्दै मौद्रिक व्यवस्थापन गर्नुपर्ने देखिएको छ ।

६१. शीघ्र आर्थिक पुनरुत्थानमा टेवा पुऱ्याउने उद्देश्यले लागू गरिएका वित्तीय सहजीकरण र नियामकीय लचकता सम्बन्धी व्यवस्थाबाट वित्तीय स्थायित्व प्रभावित हुन नदिने तर्फ सजगता अपनाउनु पर्ने भएको छ ।

६२. आन्तरिक उत्पादन वृद्धि, रोजगारी सृजना र उद्यमशीलता विकासमा वित्तीय साधनको उपलब्धतालाई सहजीकरण गरी आर्थिक वृद्धिलाई टेवा पुऱ्याउन चालु आर्थिक वर्षको मौद्रिक नीतिको कार्यदिशालाई यथावत् राख्दै मौद्रिक एवम् वित्तीय उपायहरूमा आवश्यक समायोजन गरिएको छ ।

## मौद्रिक तथा वित्तीय उपायहरू

६३. मौद्रिक नीतिको उपर्युक्त कार्यदिशा अनुरुप विद्यमान अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात र बैंकदरलाई यथावत् राखिएको छ । कोभिड-१९ ले सिर्जना गरेको असहज परिस्थितिको समयमा यी दरहरूमा गरिएको समायोजनलाई आर्थिक क्रियाकलाप सामान्य हुदै गएसँगै पुनरावलोकन गर्ने व्यवस्था गरिने छ ।

६४. २०७६ पुस मसान्तमा सक्रिय वर्गमा रहेका कर्जालाई ऋणीले २०७८ असार मसान्तभित्र लिखित कार्य योजना पेश गरेमा बैंक तथा वित्तीय संस्थाले सो को विश्लेषण गरी बक्यौता ब्याजको न्यूनतम ५ प्रतिशत असुल उपर गरी एक पटकको लागि कर्जा पुनरसंरचना तथा पुनरतालिकीकरण गर्न सक्ने व्यवस्था मिलाइने छ ।

६५. दश मेगावाट भन्दा साना जलबिद्युत् आयोजनाहरूको विशेष पुनरकर्जामा पहुँच पुऱ्याउन आवश्यक व्यवस्था गरिने छ ।

६६. विभिन्न प्रयोजनका लागि ऋण धितो मूल्य अनुपात तोकी प्रवाह भएका कर्जामा कोभिडले सिर्जना गरेको असहज परिस्थितिको समयमा चालु आर्थिक वर्षको मौद्रिक नीतिमा गरिएको नियामकीय सहजीकरणलाई यथावत् राखिएको छ । आर्थिक क्रियाकलाप सामान्य हुदै गएसँगै ऋण धितो मूल्य अनुपात सम्बन्धी व्यवस्थामा पुनरावलोकन गर्ने व्यवस्था गरिने छ ।

६७. बैंक तथा वित्तीय संस्थाले तोकिएका क्षेत्र र वर्गमा प्रवाह गर्नुपर्ने कर्जा लक्षित क्षेत्र र वर्गले प्राप्त गरे नगरेको सम्बन्धमा विशेष अनुगमन गरी उक्त ऋण दुरुपयोग गरेको पाइएमा सम्बन्धितलाई गरिने कारवाहीलाई थप प्रभावकारी बनाइने छ ।

६८. विद्युतीय भुक्तानी कारोबार प्रोत्साहित गर्न कारोबारको सीमामा समयानुकूल पुनरावलोकन गरिने छ ।

६९. QR Code लगायतका विद्युतीय कारोबारको प्रवर्द्धनका लागि आवश्यक थप नीतिगत व्यवस्था गरिने छ ।

७०. विद्युतीय कारोबारको प्रवर्द्धनका लागि वित्तीय साक्षरतामा गरिने निश्चित खर्चहरूलाई संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत गणना गर्न सकिने व्यवस्था गरिने छ ।

७१. Documents Against Payment (DAP) / Documents Against Acceptance (DAA) सम्बन्धी व्यवस्था बमोजिम आयात गर्दा प्रदान गरिने विदेशी मुद्रा सटहीको विद्यमान सीमामा आवश्यकतानुसार पुनरावलोकन गरिने छ ।

**अन्त्यमा**

७२. आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको अर्द्ध-वार्षिक समीक्षा प्रतिवेदन तयार गर्न आवश्यक सुझाव, तथ्यांक तथा विवरण उपलब्ध गराई सहयोग पुऱ्याउने सबैमा नेपाल राष्ट्र बैंक धन्यबाद ज्ञापन गर्दछ । साथै, मौद्रिक नीतिको कार्यान्वयनमा सदाझैं सबैको सहयोग रहने यस बैंकको विश्वास रहेको छ ।

२०७७ फागुन २ गते ।